म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २१४ | आइतबार, ३ चैत २०८१ | ने. सं. ११४५ चिल्लागा | 16 March 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चाडपर्व प्रति सम्मान गरौ ।**

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र सँस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्वलाई सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सदभाव प्रवर्द्धन गरौ,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म सँस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### विश्वविद्यालयको आंगिक क्याम्पसका रुपमा आबद्ध हुन आवदेन माग

# आगामी भदौबाट अध्यापन सुरु गर्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ बागमती प्रदेश विश्वविद्यालयले बागमती प्रदेशभित्र सञ्चालनमा रहेका क्याम्पसहरुलाई आंगिक क्याम्पसको रुपमा समायोजनका लागि प्रक्रिया अगाडि बढाएको छ ।

हेटौंडास्थित प्रदेश विश्वविद्यालय केन्द्रीय कार्यालयले सूचना प्रकाशन गरी विश्वविद्यालयको आंगिक क्याम्पसका रुपमा आबद्ध हुन भनेको हो । विश्वविद्यालयले प्रदेश विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा समायोजन भई सञ्चालन हुन आवेदन माग गर्दै बागमती प्रदेश विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा सञ्चालन हुने र मातृ विश्वविद्यालयसँगको सम्बन्धन अन्त्य गर्ने सम्बन्धी क्याम्पस सञ्चालक समितिको निर्णय अनिवार्य गरेको छ ।




विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीले नेपालका कुनै विश्वविद्यालयबाट सम्बन्धन लिई बागमती प्रदेशभित्र सञ्चालनमा रहेका क्याम्पसहरुले प्रदेश विश्व विद्यालयको आंगिक क्याम्पसको रुपमा समायोजन भई सञ्चालन हुनसक्ने बताए । बागमती प्रदेश उच्चशिक्षा ऐन, २०७८ को दफा ९(३) र (४), प्रदेश उच्चशिक्षा नियमावली, २०७९ को नियम १७ तथा बागमती प्रदेश विश्वविद्यालयको विधान, २०६१ को दफा ३६ बमोजिमप्रदेश विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा सञ्चालन गर्न चाहेमा एक महिनाभित्र विश्वविद्यालय संरक्षक समितिको सचिवालय, हेटौंडामा निवेदन दर्ता गराउनुपर्ने छ ।

समायोजन हुन इच्छुक क्याम्पसको वर्तमान अवस्था, सञ्चालित कार्यक्रम, सोअनुसार विद्यार्थी संख्या, शिक्षक कर्मचारीको तहगत (स्थायी, अस्थायी र करार) विवरण, उनीहरुको पारिश्रमिक विवरण, शिक्षण शुल्क विवरण, क्याम्पसको आर्थिक, भौतिक सम्पत्ति, आर्थिक दायित्वसमेत खुल्ने प्रोफाइल आवश्यक हुन्छ उपाध्यक्ष सुवेदीले भने, क्याम्पस स्थापना/सम्बन्धन स्वीकृतिपत्र, क्याम्पसको स्वीकृत विधान र क्याम्पसको गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन समावेस गर्नु आवश्यक हुन्छ ।

उनका अनुसार क्याम्पसमा सञ्चालनहुन सक्ने र चाहेको शैक्षिक कार्यक्रमको सम्भाव्यता अध्ययन प्रतिवेदनसहित निवेदन दिनुपर्छ । आंगिक क्याम्पसका लागि आवेदन प्राप्त भएपछि छानबीन गरी सम्बन्धित क्याम्पसमा सञ्चालनमा हुनसक्ने शैक्षिक कार्यक्रमको औचित्य सम्भाव्यता र विश्वविद्यालयको व्यवस्थापकीय पक्षसमेतलाई ध्यान दिँदै विश्वविद्यालयले क्रमश: आंगिक क्याम्पसको रुपमा ग्रहण गर्ने गरी बागमती प्रदेश उच्चशिक्षा ऐन, २०७८ उच्चशिक्षा नियमावली, २०७९ एवम् विश्वविद्यालयको विधान २०८१ बमोजिम प्रक्रिया अगाडि बढाइने भएको छ ।

विश्वविद्यालयले आगामी भदौबाट अध्यापन गर्ने गरी काम गरिरहेको छ । विश्वविद्यालयले सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, वातावरण इन्जिनियरिङ र फोहोर व्यवस्थापन, नर्सिङ, बी-फर्मा औषधि विज्ञान, जोखिम तथा बीमा व्यवस्थापन, व्यवसाय प्रशासन, सार्वजनिक क्षेत्र व्यवस्थापन, होटल व्यवस्थापन, कला स्नातक र कानुन, एलएलबी ब्याचलर अफ लेजिस्लेटिभ ल, सूचना प्रविधि, बीएडलगायत विषय अध्यापन गराउने तयारी गरेको उपाध्यक्ष सुवेदीले बताए ।

उपाध्यक्ष सुवेदीले विश्वविद्यालयले विज्ञान तथा प्रविधि, व्यवस्थापन तथा कानुन र शिक्षा तथा सामाजिक विकास संकायगरी तीनवटा संकायमा आगामी आर्थिक वर्षबाट अध्यापन सुरु गर्ने गरी काम भइरहेको जानकारी दिए । प्रदेश सरकारले २०७८ मा ऐन जारी गरी प्रदेश विश्वविद्यालय स्थापनाको तयारी थालेको थियो । तयारी थालेको २ वर्षपछि प्रदेश उच्चशिक्षा परिषद्को कार्यालय स्थापना गरिएको थियो भने ३ वर्षपछि बागमती विश्वविद्यालय नामकरण गरी कार्यालय स्थापना गरिएको छ ।

विश्वविद्यालयका लागि भौतिक संरचना अभाव हुँदा हेटौंडा-५ मा भाडाको घरमा कार्यालय खडा गरिएको छ भने बोर्ड अफ ट्रष्टीको कार्यालय सामाजिक विकास मन्त्रालयसँगैको अस्थायी भवनमा राखिएको छ । प्रदेश सरकारले विश्वविद्यालयका लागि आवश्यक जमिन, भौतिक संरचना तथा प्रशासनिक कार्यालयहरुको व्यवस्थापन गर्न सकेको छैन ।

# शिक्षकका मागलाई कम आँकिए परिणाम राम्रो हुँदैन: अध्यक्ष प्रचण्ड

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आन्दोलनरत शिक्षकको मागलाई सरकारले गम्भीर रुपमा लिनुपर्ने बताएका छन् ।



विद्यालय शिक्षा विधेयक तत्काल पारित गर्नुपर्ने माग राख्दै आन्दोलनरत नेपाल शिक्षक महासंघको प्रतिनिधिमण्डलसँगको भेटमा अध्यक्ष प्रचण्डले शिक्षकलाई कम आँकिए यसको परिणाम राम्रो नहुने बताएका हुन् । विद्यालय शिक्षा विधेयक संसदमा दर्ता गर्न चुनौतिपूर्ण रहेको स्मरण गराउँदै अध्यक्ष प्रचण्डले विधेयकलाई तत्काल पारित गर्न जोड दिए ।

'अहिले जेजति संशोधन दर्ता भएपनि कतिपय एउटै प्रकृतिका छन् । उपसमिति बनाएर भएपनि तत्काल पारित गर्नेतर्फ जान सकिन्छ,' उनले भने, 'तर, मुख्य कुरा इच्छाशक्तिको हो । शिक्षा र शिक्षकको विषय सरकारको प्राथमिकतामा नपर्दा यसमा ढिलाइ भएको छ ।' शिक्षकका माग र समग्र शैक्षिकक्षेत्रबारे एउटै दृष्टिकोण बन्न नसकेको बताउँदै अध्यक्ष प्रचण्डले देशको विकास र समृद्धिको मुख्य आधार शिक्षा नै भएका बताए ।

विकासले गति नलिनु, अराजकता फैलिनु, नैतिक मूल्यमा ह्रास आउनुको मुख्य कारण शिक्षाबारे सही र एकरूप बुझाइ नहुनु हो, उनले भने 'म सरकारमा हुँदा विद्यालय शिक्षा सुधारसम्बन्धी विज्ञको प्रतिवेदन संकलन गर्नै धेरै समय लाग्यो । पछि त्यसलाई कार्यान्वयन गर्न खोजिए पनि अहिले सरकारले अघि बढाउन खोजेको छैन ।' अध्यक्ष प्रचण्डले शिक्षक महासंघले उठाएका विषयमा सडक र संसद दुवै ठाउँबाट पार्टीले सशक्त भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरेका छन् ।

आन्दोलनरत शिक्षक महासंघका प्रतिनिधिले प्रचण्ड नेतृत्वको सरकारले नै विद्यालय शिक्षा विधेयक संसदमा दर्ता गराएको स्मरण गराउँदै, विधेयक पारित गराउन माओवादी केन्द्रको विशेष भूमिका रहनेमा जोड दिए । 'डू एण्ड डाइको अवस्थामा छौं,' शिक्षक महासंघका प्रतिनिधिले भने, 'विगतमा पनि शिक्षकका मागमा माओवादी र प्रचण्ड सतिसालझैं उभिनुभयो । यसपटक पनि काँध थाप्न अनुरोध छ । माओवादीले संसदमा दबाबमूलक भूमिका खेलोस् ।'

# करेन्ट लगाई माछा मार्ने क्रममा एकजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ मकवानपुरमा करेन्ट लगाई माछा मार्ने क्रममा एकजनाको मृत्यु भएको छ । मनहरी गाउँपालिका-६ नयाँवस्तीमा बस्दै आएका एक युवकको मृत्यु भएको हो ।

कैलाश गाउँपालिका-४ घरभई सात/आठ महिनादेखि नयाँबस्तीस्थित आफन्तको घरमा बस्दै आएका ईन्द्रलाल मोक्तानको स्थानीय नहरखोलामा करेन्ट लगाई माछा मार्ने क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय मनहरी, मकवानपुरका प्रहरीनिरीक्षक विशाल सापकोटाले जानकारी दिएका छन् । ३१ वर्षीय मोक्तान आफन्तको घरबाट करिब १५/२० मिटर दक्षिणतर्फ रहेको नहरखोलामा बिहीबार साँझ ५:३० बजेको करेन्ट लगाई माछा मार्ने क्रममा घाइते भएका थिए ।

घाइते मोक्तानलाई आफन्तले उपचारको लागि पुरानो मेडिकल कलेज भरतपुर चितवन लगेकोमा उपचारको क्रममा १९:३० बजे मृत्यु भएको थियो । तर, परिवारका सदस्यले यसअघि मोवाइल चार्ज गर्ने क्रममा करेन्ट लागेर घाइते भएको प्रहरीलाई जानकारी गराएकोमा हाल जिल्ला प्रहरी कार्यालय चितवनमा भने करेन्ट लगाई माछा मार्ने क्रममा घाइते भएको व्यहोरासहित निवेदन दिएको प्रहरीनिरीक्षक सापकोटाले बताए ।

# 'ए ङाला ह्राङ्बा माया' को हेटौंडामा पुन: विशेष प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/तामाङ भाषाको चलचित्र 'ए ङाला ह्राङ्बा माया' को हेटौंडामा पुन: विशेष प्रदर्शन भएको छ ।

शनिबार हेटौंडाको ओम्याक्स हलमा चलचित्रको दोस्रो प्रदर्शन गरिएको हो । मुनसन सुपरस्टार मुभिज प्रालिको व्यानरमा चलचित्र निर्माण भएको हो । मकवानपुर जिल्ला तामाङ समुदायको बाहुल्यता भएको हुनाले मकवानपुरमा दुई पटक शो प्रदर्शन गरिएको कलाकार हेमकुमार तितुङले बताए । यसअघि पुष २० गते हेटौंडामा पहिलोपटक विशेष शो प्रदर्शन गरिएको थियो ।

प्रेम कथामा आधारित सँगसँगै दोस्रो विवाह र समाजमा गरिबीको कारण निम्त्याउने समस्यालाई चलचित्रमा देखाउन खोजिएको निर्देशक सञ्जय लामाले बताए । मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकामा रहेका मनोरम स्थानमा चलचित्र छायांकन गरिएको कलाकार तितुङले जानकारी दिए । चलचित्रमा सुनिता लुङ्बा, तारा थोकर, हेमकुमार तितुङ, प्रज्मी बोम्जन, राजकुमार स्याङ्तान, संगीता बोम्जनलगायतको अभिनय छ ।

# फोनिज बागमती प्रदेशमा पुन: श्रेष्ठ चयन

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) बागमती प्रदेशको अध्यक्षमा पुन: युवराज श्रेष्ठ चयन भएका छन् ।

रामेछाप सदरमुकाम मन्थलीमा शनिवार बिहानसम्म चलेको तेस्रो महाधिवेशनले पुन: रामेछापका श्रेष्ठको नेतृत्वमा २२ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो । फोनिज बागमती प्रदेश समितिमा मकवानपुरका दिलबहादुर लामा, निशा गुरुङ र अशोकसुजन श्रेष्ठ निर्वाचित भएका छन् । प्रदेश समितिको उपाध्यक्षमा दिलबहादुर, महिला सचिवमा निशा र लेखा समिति संयोजकमा अशोकसुजन निर्वाचित भएका हुन् ।

फोनिज बागमती प्रदेश समितिमा महिला उपाध्यक्षमा अनिता डंगोल, महासचिवमा राजु नापित, संस्थागत सचिवमा हीरालाल गुरुङ, कोषाध्यक्षमा शंकर श्रेष्ठ निर्वाचित भएका छन् । फोनिज बागमती प्रदेश समितिको सदस्यमा वावुकाजी श्रेष्ठ, उद्भवकुमार श्रेष्ठ, मानकाजी तामाङ, रत्नकाजी प्रजापती, रवि महर्जन, जर्नेल घले, तेजनाहिरिङ राई, श्यामलाल लामा, विशालराज राई चयन भएका छन् । लेखासमितिमा नीरबहादुर तामाङ, अनुशासन समिति सदस्य प्रदीपकुमार श्रेष्ठ, संघीय प्रतिनिधिमा सरस्वती श्रेष्ठ, राजेश रुम्बालामा, श्याम रानामगर निर्वाचित भएका छन् ।

# हेटौंडा-१२ घिसिङटोलमा स्ल्याव ढलान सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/हेटौंडा-१२ स्थित बीचरोडदेखि विनोद वाइबाको घर हुँदै घिसिङटोल चौतारा जोड्ने सडकमा स्ल्याव ढलानकार्य सुरु भएको छ ।

यो योजनाको बागमती प्रदेश सरकारका पूर्वमन्त्री एवम् प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले शुभारम्भ गरेका हुन् । प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को विनियोजित २० लाख रुपैयाँको बजेटबाट ६ मिटर चौडा रहेको २२० मिटर लामो स्ल्याब ढलान सुरु भएको हो । निर्माणकार्यको सुरुवात गर्दै पूर्वमन्त्री एवम् सांसद श्रेष्ठले बजेटको पूर्णसदुपयोग गर्दै गुणस्तरीय निर्माणकार्यको लागि उपभोक्ता समितिलाई निर्देशन दिएका छन् ।

उनले हेटौंडा उपमहा नगरमा पछि गाभिएका वडाको विकासका लागि भौतिक पूर्वाधार, कृषि, सिंचाई लगायतका क्षेत्रलाई प्राथमिकतामा राखेर प्रदेश सरकार बाट बजेट विनियोजन गर्दै आएको बताए । १२ नम्बर वडाका निर्वाचित वडासदस्य महेश भट्टराईले प्रदेश सरकारबाट हेटौंडा-१२ नम्बर वडाको समग्र विकासको लागि थुप्रै योजनाहरु पार्न विशेष भूमिका खेल्नुभएको भन्दै सांसद श्रेष्ठको प्रशंसा समेत गरे ।

यस योजनामा हेटौंडा उपमहानगरपालिकाले थप बजेट विनियोजन गरेको र जसबाट करिब १०० मिटर स्ल्याब थप हुने उपभोक्ता समिति अध्यक्ष बीरन घिसिङले जानकारी दिए । कार्यक्रममा हेटौंडा-१२ को उपनिर्वाचनमा वडाध्यक्षका प्रत्याशी राजेश नगरकोटी, स्थानीय समाजसेवी अर्जुनप्रसाद अर्याल, विनय मगरलगायतको सहभागिता थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# ओरालो यात्रामा हेटौंडा सिमेन्ट उद्योग

पछिल्ला वर्षहरुमा हेटौंडा सिमेन्ट उद्योगको अवस्था ओरालो लागेको छ । नाफामा जान नसकेपछि उद्योगमा चरम संकट पैदा भएको छ । आफ्ना पूर्वाधार बिक्री गरेर तलब खानुपर्ने अवस्थामा पुगेको छ । उद्योगको उत्पादन ठप्प छ र खर्च यथावत छ । सानो निर्णय गर्न पनि सरकारी संयन्त्रको झण्झटिलो प्रक्रियाका कारण उद्योगले आगामी दिनमा गति लिन सक्ने सम्भावना न्यून छ । सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको उत्पादन चैतको दोश्रो साताबाट पुनः सुरु हुने भनिए पनि उद्योग दीर्घकालीन संचालनको अवस्था देखिएको छैन । केही समयका लागि संचालन गरेजस्तो मात्र हुनसक्छ । उद्योगको आर्थिक अवस्था चरम संकटमा छ । गत असोजको पहिलो साताबाट बन्द भएको सिमेन्ट उत्पादन पुन सुरु गर्ने तयारी भएको हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले जनाएको छ । यसअघि उद्योग व्यवस्थापनले मङ्सिरमै सिमेन्ट उत्पादन सुरु गर्ने बताए पनि उद्योगको विभिन्न उपकरणहरु मर्मत र आर्थिक अभावको समस्याका कारण उत्पादन सुरु हुन नसकेको हो ।

उद्योगको क्लिङ्कर मेसिनलगायत उपकरणको मर्मतकार्य भइरहेको बताइएको छ । चैत्र पहिलो सातासम्ममा विद्युतको व्यवस्थापन गरेर सम्भवत चैत्र दोस्रो साताबाट उत्पादन सुरु हुने उद्योग व्यवस्थापन समितिले बताएको छ । तीन महिनादेखि उद्योगका कर्मचारीले तलब खान पाएका छैनन् । विहान बेलुकाको समयमा विद्युत काटिंदा समस्या छ । कामदार कर्मचारीको तलबभत्तासमेत भुक्तानी हुन नसकिरहेको उद्योगको वर्तमान जटिल अवस्थामा उत्पादन नै यस अवस्थाबाट उन्मुक्ति दिलाउने प्रमुख आम्दानीको स्रोत भएको उद्योग प्रशासनले बताएको छ । सबैको साथ र सहयोगबाट उद्योगमा सकारात्मक परिर्वतन ल्याउन सकिने उद्योगको अपेक्षा छ । उद्योगलाई जीवन्त राख्न सकिने भन्दै सहयोग गर्न उद्योग ब्यवस्थापनको आग्रह छ । उद्योग संचालनका लागि अहिले आवश्यक कचचापदार्थ (क्लिङ्कर) तयारी अवस्थामा रहेको बताइएको छ । यसअघि पनि आर्थिक अभावका कारण उद्योग पटकपटक बन्द हुँदै आएको थियो । उद्योग बन्द हुने अवस्थामा पुगेपछि स्थानीय संघर्ष समितिले उद्योग संचालनका लागि आन्दोलन गरेका थिए । दैनिक सात सय ५० टन सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको भएपनि पुरानो मेसिनमा देखिएको समस्या र जनशक्ति अभावमा उद्योगबाट सिमेन्ट उत्पादन हुन सकेको छैन । उद्योगमा हाल एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत रहेका छन् । केही समयअघि मात्र उद्योग सञ्चालनको लागि आर्थिक स्रोत जुटाउन उद्योगले रोपवे बिक्री गरेको थियो । उद्योगको कच्चापदार्थ आपूर्तिका लागि खानी क्षेत्रबाट उद्योगसम्म निर्माण गरिएको रोपवे लामो समयदेखि बन्द अवस्थामा रहेको थियो । उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुनढुंगा ढुवानीका लागि प्रयोगमा ल्याएको रोपवे बिक्री गरेको हो ।

उद्योग प्रशासनले बाराको लिपनीमालस्थित पीएस एन्ड सन्स इन्टर प्राइजेजलाई भ्याटसहित चार करोड २५ लाख ६ हजार ८० रुपैयाँमा रोपवे बिक्री गरेको हो । उद्योगले २०४२ सालबाट भैंसेखानीबाट लामसुरेस्थित कारखानासम्म ११ किलोमिटर लम्बाइको रोप-वे चुन ढुंगा ढुवानी गर्न सञ्चालनमा ल्याएको थियो । प्रतिघण्टा ३ सय मेट्रिकटन चुनढुंगा ढुवानी गर्ने क्षमता रहेको रोप-वेको सुरुमा १६५ वटा बकेट (क्यारियर) रहेका थिए । रोप-वे बिग्रिएपछि त्यसका क्यारियर पनि झर्दै गए जसका कारण हाल त्यसमा १ सय ४० जति बाँकी थियो । २०६२ सालदेखि रोप-वे पूर्णरुपमा बन्द रहेको थियो । २०६० सालको बाढीपहिरोले भैंसे त्रिखण्डी नजिकको टावरमा क्षति पुगेपछि रोप-वे बन्द भयो । करिब १० करोड लगानीमा निर्माण भएको रोप-वेको टावरमा बाढीले क्षति पुऱ्याएपछि पूर्णरुपमा बन्द भएको हो । उद्योग विगत केही वर्षदेखि घाटामा छ । २०३३ सालमा एसियाली विकास बैंकको सहयोगमा स्थापना गरिएको यो उद्योगले उत्पादन गरेको सिमेन्ट उपभोक्ताले महिनौं पालो कुरेर लिने गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत ४ गते सोमबार १७ मार्च २०२५ । तृतीया, फागुन शुक्लपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:१३, सूर्यास्त ६:१३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोकांक्षा सिद्धि हुनेछ | **तुला** | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| **वृष** | : गरेको कार्यमा सफलता मिल्नेछ | **वृश्चिक** | : योजना कार्यान्वयन हुनेछ |
| **मिथुन** | : नयाँ कार्ययोजना बन्नेछ | **धनु** | : व्यापार राम्रो चल्नेछ |
| **कर्कट** | : आकस्मिक लाभ हुनेछ | **मकर** | : मीठो खाने अवसर मिल्नेछ |
| **सिंह** | : राम्रो अवसर गुम्नेछ | **कुम्भ** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कन्या** | : खर्च र दु:ख बढ्नेछ | **मीन** | : मनमा शङ्का बढ्नेछ |

# सामाजिक सञ्जालको दोहोरो प्रभाव



✍ रत्नाखर काफ्ले



सामाजिक सञ्जाल आजको युगको शक्तिशाली माध्यम हो । नेपालमा फेसबुक, ट्विटर, टिकटक र इन्स्टाग्राम जस्ता प्लेटफर्मले सूचना प्रवाह, मनोरञ्जन र सम्पर्कको आधार मात्र नभई समाजसेवा, जनचेतना र सहयोगको भावनालाई पनि तीव्र बनाएका छन् । तर यसको अर्को पाटो उत्तिकै चिन्ताजनक छ- भावनात्मक ब्ल्याकमेलिङ, सामाजिक दबाब र सामाजिक अभियन्ताको नाममा हुने ठगी ।

**समाजसेवा र जनचेतनाको उज्यालो पक्ष**

नेपालमा सामाजिक सञ्जालले समाजसेवालाई नयाँ गति दिएको छ । २०७२ सालको महाभूकम्पपछि युनेस्को र संस्कृति मन्त्रालयले आंशिक रूपमा क्षतिग्रस्त भएका पुरातात्त्विक संरचनाहरूको पुनर्निर्माण थालेका थिए । काठमाडौं उपत्यकामा सयौंको संख्यामा ऐतिहासिक भवनहरू ध्वस्त भएका थिए भने आंशिक ध्वस्त हुने भवनहरुको संख्यापनि उत्तिकै थिए । महाभूकम्पपश्चात्, युनेस्कोले बहु-जातीय स्मारकहरूको पुनर्निर्माणका लागि लागत अनुमान १ खर्ब ८६ करोडभन्दा बढी रहेको थियो ।

धरहराको पुनर्निर्माण २०७५ पुसमा सुरु भयो, प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरे । पुरानो धरहरा पूर्णरूपमा क्षतिग्रस्त भएपछि नयाँ धरहरा २० तल्ला पुनर्निर्माण गरियो । भूकम्पपश्चात् अन्तर्राष्ट्रिय संस्थाहरूले ३ अर्ब अमेरिकी डलरको सहायता प्रतिज्ञा गरे । तर नेपालमा पठाइएको सहायतामा अत्यधिक भ्रष्टाचार हुने सम्भावना भएकाले प्रतिज्ञा गरिएको रकम आंशिक मात्र प्राप्त भयो ।

यसै अवसरमा युनिसेफले नेपालका बालबालिकाहरूलाई अस्थायी आवास र स्वास्थ्य सेवा प्रदान गर्यो । छिमेकी राष्ट्र भारतले पनि अस्थायी आवास र एक अर्ब डलर सहयोग गरेको थियो । चीन, एसियाली विकास बैंक र संयुक्त अधिराज्य लगायत अन्य राष्ट्रहरूले पनि महत्वपूर्ण द्विपक्षीय सहायता प्रदान गरेका थिए ।

यस्तै, कोभिड-१९ महामारीमा सामाजिक सञ्जालमार्फत अक्सिजन सिलिन्डर र औषधि जुटाउने अभियानले धेरैको ज्यान बचायो । उदाहरणका लागि, खोटाङमा दिक्तेल बजार सामाजिक गुठीले कोभिड-१९ को महामारीबाट बच्न र बचाउनका लागि अक्सिजन लगायतका स्वास्थ्य सामग्री जुटाउन अभियान थालेको थियो । गुठीको आह्वानमा संस्थागत र व्यक्तिगत रुपमा प्राप्त भएको सहयोग रकमबाट ४० लिटर क्षमताको २० वटा अक्सिजन सिलिन्डर, ३ हजार ५ सय थान मास्क र ३५ लिटर सेनिटाइजर संकलन गरी सेवा प्रदान गरेको पाइन्छ । यस प्रकारको सहयोग सबैतिरबाट भएकाले धेरैको ज्यान बचेको थियो ।

जनचेतनाको क्षेत्रमा पनि सामाजिक सञ्जाल प्रभावकारी बनेको छ । महिला हिंसा र बालविवाहविरुद्धका अभियानले समाजमा ठूलो बहस सिर्जना गरेका छन् । #JusticeForNirmala अभियानले निर्मला पन्तको हत्याको विषयलाई राष्ट्रिय मुद्दा बनायो र सरकारमाथि दबाब सिर्जना गऱ्यो । ग्रामीण क्षेत्रमा स्वास्थ्य सचेतनाका लागि टिकटक भिडियोहरूले पनि छोटो समयमै ठूलो प्रभाव पारेको भेटिन्छ ।

**सहयोगको भावनालाई डिजिटल रूप**

सामाजिक सञ्जालले नेपाली समाजमा रहेको परम्परागत सहयोगको भावनालाई डिजिटल रूप दिएको छ । कुनै व्यक्तिलाई आर्थिक वा स्वास्थ्य संकट परेमा फेसबुकमा सहयोग अभियान सुरु हुन्छ । यस प्रकारको अभियानका उदाहरण लाखौं छन् र हरेक व्यक्तिको फेसबुक वालमा यी उदाहरणहरु देख्न पाइन्छ ।

स्वयं लेखकले पनि २७ जुन २०१७ मा 'राष्ट्रिय आविष्कार केन्द्र' को लागि १८ लाख ९० हजार रुपैयाँ संकलन गरी दाताको नामावलीसहित दाताकै नाममा जम्मा हुनेगरी महावीर पुनको हातमा नगद दिएको थियो । यो कुरा स्वयं महावीर पुनले आफ्नो फेसबुक वालमा उल्लेख गरेका छन् । यस्ता उदाहरणले सामाजिक सञ्जालको सकारात्मक शक्ति देखाउँछ ।

**भावनात्मक ब्ल्याकमेलिङको अँध्यारो पक्ष**

सामाजिक सञ्जालको सकारात्मक प्रभावसँगै भावनात्मक ब्ल्याकमेलिङको समस्या पनि बढ्दो छ । मानिसहरूले आफ्नो दु:ख वा समस्यालाई अतिरञ्जित गरेर सहानुभूति र सहयोग बटुल्ने प्रवृत्ति देखिन्छ । कुनै व्यक्तिले बिरामीको उपचारको लागि आर्थिक सहयोगको नक्कली अपिल गर्दै आफ्नो कथालाई अतिरञ्जित गर्छ । तर पछि थाहा हुन्छ, ती व्यक्तिले भनेजस्तो गम्भीर स्थिति बिरामीको हुँदैन र उसले आर्थिक लाभ उठाउनका लागि यो अपिल गरेको हुन्छ ।

त्यसैगरी, कतिपयले आफ्नो जीवनका दुखद घटनालाई अतिरञ्जित गरी सामाजिक सञ्जालमा पोस्ट गर्छन् र सहानुभूति बटुल्छन् । पछि थाहा हुन्छ, ती घटना वास्तविक थिएनन् र सहानुभूति बटुली अर्थोपार्जन गर्नका लागि झुटो कथा बनाइएको थियो । यस्ता घटनाले सहयोगको भावनालाई दुरुपयोग गर्नुका साथै वास्तविक पीडितप्रति विश्वास घटाएको छ ।

**सामाजिक अभियन्ताको नाममा ठगी**

सामाजिक सञ्जालमा 'सामाजिक अभियन्ता' को पहिचान बनाएर ठगी गर्ने प्रवृत्ति पनि उत्तिकै चिन्ताजनक छ । केही व्यक्तिले आफूलाई समाजसेवीको रूपमा प्रस्तुत गरी सहयोग संकलन गर्छन्, तर त्यसको दुरुपयोग गर्छन् । संकलित रकमको सही सदुपयोग भयो कि भएन भनी कसैले सोधखोज गर्दैनन् ।

कुनै कथित अभियन्ताले 'गाउँमा स्कुल बनाउन सहयोग चाहिएको छ' भन्दै फेसबुकमा अभियान चलाउने र गाउँमा स्कुल नबनाउने, 'बाढीपीडितलाई सहयोग' भन्दै पैसा उठाउने तर पीडितसम्म कुनै पनि सहयोग नपुर्याउने जस्ता अनगिन्ती उदाहरण भेटिन्छन् । यी सबैमा सरकारी निकाय मौन छ । यस्ता ठगीका घटनाले सामाजिक सञ्जालको विश्वसनीयतामाथि प्रश्न उठाएको छ ।

**सामाजिक दबाब र मानसिक स्वास्थ्यमा असर**

सामाजिक सञ्जालले सिर्जना गरेको सामाजिक दबाब पनि कम चिन्ताजनक छैन । इन्स्टाग्राममा देखाइने आडम्बरी जीवनशैलीले युवाहरूमा हीनताबोध र तनाव बढाएको छ । काठमाडौं विश्वविद्यालयको एक अध्ययनले ६० प्रतिशतभन्दा बढी किशोर-किशोरी सामाजिक सञ्जालका कारण आफ्नो जीवनप्रति असन्तुष्ट रहेको देखाएको छ । 'ट्रोलिङ' र 'साइबर बुलिङ'ले मानसिक स्वास्थ्यमा गम्भीर असर पारेको छ । २०८० सालमा एक टिकटक स्टार मोनिका ठकुरी नामकी टिकटकरले नकारात्मक टिप्पणीका कारण आत्महत्या गरेकी थिइन् । उक्त घटनाले यो समस्याको गहिराइलाई दर्साउँछ ।

**समाधानको बाटो**

सामाजिक सञ्जालको यो दोहोरो प्रभावलाई हेर्दा यो न पूर्ण वरदान हो, न त अभिशाप । यो एक औजार हो, जसको प्रयोगले नै परिणाम निर्धारण गर्छ । समाजसेवा र जनचेतनाका लागि यसको सकारात्मक प्रयोगलाई प्रोत्साहन गर्न सरकार र नागरिक समाजले संयुक्त प्रयास गर्नुपर्छ ।

सहयोग अभियानमा पारदर्शिता कायम गर्न प्रमाणीकरणको व्यवस्था आवश्यक छ । भावनात्मक ब्ल्याकमेलिङ र ठगी रोक्न कडा कानुन र अनुगमन चाहिन्छ । सामाजिक अभियन्ताको नाममा हुने ठगी रोक्न सामाजिक सञ्जाल प्लेटफर्महरूले कडा नीति लागू गर्नुपर्छ । मानसिक स्वास्थ्यको संरक्षणका लागि डिजिटल साक्षरता अभियान चलाउनुपर्छ । स्कुल-कलेजमा सामाजिक सञ्जालको सही प्रयोग सिकाउने पाठ्यक्रम समावेश गर्न सकिन्छ । अभिभावकले बालबालिकाको अनलाइन गतिविधिमा ध्यान दिनुपर्छ । व्यक्तिगत स्तरमा हामीले सामाजिक सञ्जालको दबाबबाट मुक्त भएर आफ्नो वास्तविक जीवनलाई प्राथमिकता दिनुपर्छ ।

**निष्कर्ष**

नेपालमा सामाजिक सञ्जालले समाजसेवा, जनचेतना र सहयोगको भावनालाई तीव्र बनाएको छ । भूकम्प राहतदेखि महामारी सहयोगसम्मका उदाहरणले यसको सकारात्मक पक्ष देखाउँछन् । तर भावनात्मक ब्ल्याकमेलिङ, सामाजिक अभियन्ताको नाममा हुने ठगी र सामाजिक दबाबले यसको अँध्यारो पक्ष उजागर गर्छ । यो दोहोरो प्रभावलाई सन्तुलनमा राख्न सचेत प्रयोग, नीतिगत सुधार र सामाजिक जागररुकता अपरिहार्य छ । सामाजिक सञ्जाल हाम्रो हातको औजार हो, यसलाई समाज परिवर्तनको माध्यम बनाउने कि दुरुपयोगको कारण, त्यो हाम्रै हातमा छ ।

*(साभार: अनलाइनखबर)*

---

# नेपालको गिर्दो छवि

✍ केशव अधिकारी

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले दोस्रो कार्यकालको लागि सत्ता सम्हालेपछि आफ्नो देशमा अवैधरूपमा भित्रिएका संसारको जुनसुकै देशका नागरिक भए पनि निष्कासन गर्ने प्रयासमा लागेका छन् । उनको मुलुकका लागि यो प्रयास प्रशंसायोग्य रहेको छ । यो अभियान चलाइरहँदा राष्ट्रपति ट्रम्पलाई एक देशभक्त व्यक्तित्वका रुपमा परिभाषित गर्दा कुनै फरक नपर्ला । संसारकै मान्छेका लागि अमेरिका सपनाको देश भएकोले वैधानिकरुपमा अमेरिका पुगेका अन्य देशका नागरिकलाई केही फरक नपर्ला तर लाखौं खर्च गरेर अवैधानिक बाटोबाट अमेरिका पुगेका नागरिकका लागि अब अवैधानिक रुपमा बस्न सक्ने अवस्था रहेन ।

यति मात्र होइन, राष्ट्रपति ट्रम्पले संसारका अरु देशलाई विभिन्न रुपमा दिँदै आएको सहयोग रकमसमेत करिब ३ महिनाको लागि भनेर कटौती गरेका छन् । राष्ट्रपतिको यो कर्मले संसारका विभिन्न देशहरुले हतारमा के गर्ने ? भनेर निर्णय गर्न नसकिरहेको अवस्था छ । हाम्रो देशमा पनि विगतमा एमसीसीअन्तर्गत सहयोगको हात बढाएको र अन्य माध्यमबाट समेत विभिन्न क्षेत्रको उन्नतिका लागि भनेर आर्थिक सहयोग गर्दै आएको अमेरिकाले हाललाई सहयोग रकम दिन स्थगन गरेको छ । एमसीसी अन्तर्गतको आर्थिक सहयोगको रकमले सञ्चालन हुँदै गरेका हाम्रो देशका विभिन्न क्षेत्रका साना वा ठूला परियोजनाहरु अलपत्र परेका छन् ।

यदि राष्ट्रपतिले तोकेको समय सीमापछि पनि आर्थिक सहयोगले निरन्तरता पाउन सकेन भने हाम्रो अर्थतन्त्रमा ठूलै धक्का लाग्ने कुरा निश्चित छ । अमेरिकाले नेपाललाई एमसीसी परियोजनाअन्तर्गत गरेको आर्थिक सहयोगले हामीलाई फाइदाको साटो हानि गर्ने विज्ञहरूले बताउँदै अएका र त्यसलाई पास गर्नबाट रोक्नको लागि आम नागरिकका तर्फबाट समेत अथक प्रयास भए तापनि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेपालका कार्यकारी प्रधानमन्त्री भएको कालखण्डमा बलजफतसँग एमसीसी पास भएको घोषणा आम जनताले सुन्नुपरेको थियो । त्यस बेला आम नेपाली जनता त्यसको विरुद्धमा थिए ।

त्यति भएर पनि बलजफत पास गराइएको एमसीसी परियोजनाको रकमको सही सदुपयोग भएको रहेनछ भन्ने कुरा अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले खुलासा गरेपछि आम नेपाली जनतालाई थाहा भएको छ । आम नेपाली जनता मात्र होइन कि संसारले नै नेपालमा हुने गरेको भ्रष्टाचारका बारेमा थाहा पाए । राष्ट्रपति ट्रम्पको यो भनाइ र कार्यसँगै हामी तीन करोड नेपाली जनताको शिर निहुँरिएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा हाम्रो देशको छवि गिरेको छ । हाम्रा शासकहरुले हामीलाई इमानदार नेपाली भएर बाँच्नसम्म दिएनन् भनेर दुखेसो गर्नुपरेको छ । एकजना नेपाली खेलाडीले खेलमा विजेता बनेर विश्वरङ्गमञ्चमा हाम्रो शिर गौरवले ठाडो हुन्थ्यो । एक नेपाली कलाकारले विदेशमा समेत नाम फैलने गरी कलाको सिर्जना गर्दा हामीलाई अथाह गर्वको अनुभूति हुन्थ्यो । तर आज हाम्रा शासकहरुको कुकर्मले गर्दा भ्रष्टाचारी शासकका शासनमा जकडिएका जनताको नाममा दर्ज हुन पुग्दै छौं ।

अमेरिकी राष्ट्रपति ट्रम्पले नेपालका शासकलाई भ्रष्टाचारीको संज्ञा दिएर मात्रै केही भएको थिएन तर हामीले आफूलाई र आफ्नो देशको भलाइका लागि विभिन्न योजना पूरा गर्न सहयोग गर्ने दाता देशसँगको विश्वाससमेत गुमाउन पुग्यौं । अबका दिनमा त्यो विश्वास फर्काएर पूर्वरुपमा ल्याउनको लागि हामीलाई धेरै कठिनाइ हुनेछ । अमेरिकाले मात्रै होइन कि संसारका अन्य दाता राष्ट्रहरूले समेत हामीलाई गर्ने आर्थिक सहयोग कटौती गर्न बेर लाउने छैनन् । त्यसपछि हाम्रा आयोजनाहरु चौपट भएर जाने अवस्था आउनेछ । भ्रष्टाचार गर्न पल्केकाहरुले पुनः यही क्रम दोहोऱ्याइरहेको खण्डमा हाम्रो देशको आर्थिक अवस्था डामाडोल भएर जानेवाला पक्का छ ।

आउँदा दिनमा अरुको सहयोग कुरेर बस्नुको साटो आर्थिक उन्नतिका हरेक क्षेत्रमा हामी स्वयंले पहुँच बढाउनुपर्नेछ । हाम्रा युवा जनशक्तिलाई विदेश पठाएर रेमिट्यान्सको आशा गर्नुको साटो स्वदेशमै बस्ने वातावरण बनाएर हरेक क्षेत्रका उन्नतिका लागि कामयावी बनाउन सक्नुपर्ने हुन्छ । राजनीतिमा लागेका र राजनीतिमा लाग्न चाहनेले सदाचारी बनेर आफ्नो कमाइले धान्ने मात्रको जीवन जिउने प्रयासमा लाग्नुपर्ने हुन्छ । नयाँ पुस्ताका युवापिँढीलाई सिकाउनुपर्ने सबैभन्दा महान् शिक्षा भनेको सदाचारको शिक्षा हो । यदि नयाँ पुस्ताले पनि सदाचारको पाठ पढेर त्यसलाई व्यवहारमा उतार्ने काम गर्न सकेनन् वा तदनुसारको वातावरण बन्न सकेन भने आजको तुलनामा देशमा अझै भयावह अवस्था सिर्जना हुनेवाला छ ।

नेपाल आफैँमा प्रकृतिले सुन्दर बनाएको देश हो । यसलाई भौतिक सुधारको त्यति धेरै खाँचो पर्नेवाला छैन । प्रकृतिले यति धेरै सुन्दर बनाएको मात्र होइन कि यहाँ प्राकृतिक सम्पदाको समेत अथाह भण्डार रहेको छ । ती भण्डारहरुमध्ये हामीले फारोतिनो गरेर आउँदा नयाँ पुस्तालाई पनि चाहिन्छ, आजको पुस्ताले मात्र सकेर वा रित्याएर हुँदैन भन्ने मानसिकताका साथ तिनको चुस्त-दुरुस्त उपयोग गर्ने हो भने हामीलाई कसै विदेशीको आर्थिक सहयोगको खाँचो पर्नेवाला छैन ।

तर यसका लागि जनताले फलानो व्यक्ति शासक भएको खण्डमा आज हामीले सोचेजस्तै उन्नतिको फड्को मर्छ भन्ने भनाइको कदर गर्न सकेको खण्डमा यो असम्भव कुरा कति पनि होइन । विदेशीसँग याचना गरिने भनेको नेताले आफ्नो खल्ती भर्नको लागि हो रहेछ, त्यसैले हामी आफैं सफदयी बनेर लागिपरेको खण्डमा हामी आफैंले कल्पना गरेको अमेरिका नेपालमै बन्न सक्नेछ । अमेरिकी राष्ट्रपति ट्रम्पले हाम्रा नेतालाई भ्रष्टाचारीको संज्ञा दिइरहँदा यिनका हृदयले सकारात्मक बुझाइ महसुस गरेर आत्मग्लानिको अनुभूत गर्न सकेका भए यिनका फदयभित्रको सकारात्मक पाटोको भावना बढेर जाने थियो । आत्मग्लानिले यिनका कर्ममा थोरै भए पनि सुधार आउने थियो होला । अहंताको भाषाको स्थानमा सुमधुर ध्वनि गुञ्जने थियो होला ।

अब वर्तमान अमेरिकी राष्ट्रपति ट्रम्पलाई जस्तै हाम्रो देशको नेतृत्व वर्गलाई पनि देशको साँचो भक्त बन्न मन लाग्ने वा उत्साह जागेर आए हुन्थ्यो । तर हाम्रा नेतृत्वमा पुगेका र आशा लाग्दा नेताहरु नै सबै विदेशीसँग मागेर देश चलाऔं भन्ने खालका र सोचका छन् । यिनको यो सोचमा आमूल परिवर्तन आएन र यिनै साँघुरो सोचका नेताले शासन चलाइरहे भने अबका दिनमा मात्र होइन कि अबको आधा शताब्दीपछिका दिनमा पनि हामीले आजकै जस्तो नियति भोग्नुपर्ने हुन्छ । हाम्रा नेताहरू भ्रष्टाचारीकै बिल्ला भिरेर लाचारीपूर्वक त्यसैमा रमाइरहनेछन । देशको अवस्था लथालिंग भएर जानेछ ।

हामीले केही समयसम्म राजतन्त्रलाई निकै घृणा गरेका छौं र थियौं पनि तर नेपालको राजतन्त्रलाई त्यति धेरै घृणा गर्नुपर्ने कारण गतिलो छैन । हाल आएर राजतन्त्रप्रतिको घृणा कम भएर सम्मान अलि बढेर जान थालेको छ । यसै मेसोमा राजा पृथ्वीनारायण शाहको जन्मजयन्ती मनाउने र केही सम्मान दिने काम पनि भएको छ । यति भएर पनि उनले अभिव्यक्त गरेका मार्मिक र यथार्थ भनाइको अनुशरण गर्न नसकेका कारणले गर्दा हाम्रो परनिर्भरता दिनप्रतिदिन अधिक मात्रामा बढेर जान थालेको छ । जसको परिणाम अमेरिकी एमसीसी परियोजना र त्यसै अन्तर्गतको घोटाला काण्डका कारणले गर्दा हाम्रो शिर निहुँरिएको हो ।

हामीकहाँ भएका विभिन्न प्राकृतिक स्रोतहरुमा जलस्रोतको उपयोगले मात्र केही मात्रामा फड्को मार्दै छ । जलस्रोतको जत्तिकै अन्य स्रोतले पनि फड्को मार्ने हो भने हामीलाई विदेशी सहयोग पनि नभई नहुने हुँदैन । आर्थिक अभावका कारणले निरुपाय बनेर भौंतारिनुपर्ने अवस्था कति पनि आउँदैन । आर्थिक क्रान्तिका बाहक युवा जनशक्तिलाई सही रुपमा परिचालन गर्न सकियो भने हामी गरिब र मागिखाने मात्रै भएर बसिरहने छैनौं । तर यी सबैका लागि देशको माया र इच्छाशक्तिको जरुरत पर्दछ ।

हाम्रो नेतृत्व वर्गमा ज्यादातर व्यक्तिगत स्वार्थ बढेर गएका कारणले गर्दा देशप्रतिको जिम्मेवारीलाई आत्मसात् गर्न नसकिरहेको अवस्था विद्यमान छ । त्यसैले आजको राजनीतिका नायक तथा सञ्चालक मानिने सम्मानित नेतागणमध्ये अधिकांश नेता आम जनताको कोपभाजनको सिकार बन्नुपरिरहेको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले हाम्रा नेतालाई भ्रष्टाचारीको आरोपण गरिरहेका बेलामा आम नेपाली जनताका लागि प्यारा र इमानदार देशभक्त अनि देश र जनताको स्वार्थका लागि बलिदान गर्ने नेता हुँदा हुन् त आम जनतालाई ट्रम्पको अभिव्यक्तिले रिस थपिदिने थियो ।

तर विडम्बना, ट्रम्पले उक्त अभिव्यक्तिका साथ भ्रष्टाचारीको आरोपण गरिरहँदा ट्रम्पले ठिक्कै भनेका हुन् भन्ने मानसिकताको सोचाइसँगै केही मानसिक प्रफुल्लतासमेत थपिएको महसुस हुँदै थियो । यतिका घटना भइसकेर पनि यिनले सुने छाँटकाँट नदेखाएको खण्डमा जनताको नेतृत्वप्रतिको घृणा र तिरस्कार अझै बढेर जानेवाला छ । अनि बरु यिनको विरुद्धमा विगतको बैरी नै साधु बिरालो बनेर आए पनि पत्याउने अवस्था समयले सिर्जना गर्नेछ । हाम्रा वर्तमान शासक केपी ओलीलाई काठमाडौंका महानगरका प्रमुख बालेन्द्र शाहले याचना गर्दै थिए । कम्तीमा महानगरको प्रमुख नभनेर एउटा सच्चा र इमानदार नेपाली भनी बनाएको परिचय बोकेर त बाँच्न देऊ भनेर भन्दै थिए । प्रधानमन्त्रीले यो भनाइको मर्म बुझे वा बुझेनन् वा बुझ्नै चाहेनन्, यो उनको निजी विषय भयो ।

तथापि बालेनले भनेजस्तै हामी आम जनताले पनि इमानदार भएर बाँच्न र परिचय बनाउन नपाइने हो त ? हाम्रा शासकलाई अमेरिकाजस्तो संसारको शक्तिशाली मुलुकका सबैका पिता शासकले भ्रष्टाचारीको आरोप लगाइरहँदा केहीबेर हाम्रा शासकका कर्तुत सम्झेर ठिक्कै हो जस्तो लागे पनि समग्रमा हाम्रा शासकसँगै आम नागरिकलाई पनि देखाउन र नाक काट्न त खोजिएकै हो त । अनि कसरी बाँच्न सकियो त इमानदार र स्वावलम्बी नेपाली नागरिक भएर ? अन्त्यमा देशको छवि बिगार्ने काममा शासकदेखि आम जनतासम्म कसैले पनि हर्कत नगर्नु पनि एक इमानदार नेपाली बन्नुसरह नै हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# वस्तु तथा सेवा खरिदमा ठगिनुभयो ? अब सिधै उपभोक्ता अदालत जानुहोस्

काठमाडौं/सरकारले उपभोक्ता अदालत उद्घाटन गरेको छ । शनिबार विश्व उपभोक्ता दिवसका अवसरमा त्रिपुरेश्वरस्थित उद्योग विभाग परिसरको एक भवनमा अदालतको स्थापना गरी उद्घाटन गरिएको हो ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतद्वारा उद्घाटन गरिएको उक्त अदालत आइतबारदेखि सञ्चालनमा आउनेछ । सरकारले संविधानको धारा ४४ को मौलिक हक कार्यान्वयन गर्न २०७५ सालमा उपभोक्ता संरक्षण ऐन जारी गरेको थियो । उक्त ऐनमा उपभोक्ता अदालत गठन गर्ने व्यवस्था थियो । तर, ऐन जारी भएको ६ वर्षसम्म अदालत गठन हुन नसक्दा उक्त व्यवस्था कार्यान्वयनमा आउन सकेको थिएन ।




यसले गर्दा उपभोक्ताले आफू ठगिएको गुनासो लिएर जाने उचित ठाउँ पाएका थिएनन् । यसअघि उपभोक्ताहरूले वाणिज्य विभागमा उजुरी गर्ने र विभागले निर्णय गरेपछि निर्णय उपर उच्च अदालतमा पुनरावेदन हुन्थ्यो । अब भने उच्च अदालतमा लामो समय कुर्नुपर्ने बाध्यता हटेको छ । अब उपभोक्ताहरू आफू ठगिएमा सोझै उपभोक्ता अदालतमा जाने बाटो खुलेको छ ।

उद्घाटन कार्यक्रममा बोल्दै प्रधान न्यायाधीश राउतले वस्तु तथा सेवा गुणस्तरको मानकका लागि उपभोक्ता अदालत उपयुक्त भएको बताए । 'उपभोक्ता अधिकार वस्तु तथा सेवाको गुणस्तरसँग सामीप्य राख्ने एउटा कानुनी औजार हो । तर यसलाई हेर्दै जाँदा यसको क्षेत्र नै छैन । आम उपभोक्ताको सन्तुष्टिको कुरासम्म पुगेको हुन्छ । यस्तो अवस्थामा यो अदालत वस्तु तथा सेवा गुणस्तरको मानकीय हुने देखिन्छ । एकातिर खुला बजार र प्रतिस्पर्धी अर्थतन्त्रको अवस्था छ,' उनले भने, 'अर्कोतिर गुणस्तर हित वस्तु तथा बिक्री वितरण बढ्दो छ । जसका कारण थुप्रै उपभोक्ता पीडित हुन परेको छ ।'

गुणस्तरीय वस्तु तथा सेवामा पीडित उपभोक्ताको चाँडै न्यायिक निरूपण हुने दाबी गर्दै यस अदालतमा मेडिकल नेग्लिजेन्सदेखि इन्जिनियरिङसम्मका मुद्दा यस अदालतका विषय रहने बताए ।

यसैगरी वाणिज्य सचिव गोविन्द बहादुर कार्कीले नेपालको संविधानमा उल्लेखित उपभोक्ताको अधिकार सुनिश्चित गर्न र उपभोक्ता संरक्षण ऐन २०७५ मा भएको व्यवस्था कार्यान्वयनका लागि उपभोक्ता अदालत महत्त्वपूर्ण भूमिका खेल्ने बताए ।

'उपभोक्ता संरक्षण सम्बन्धी ऐन तथा कानुनको प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न यस अदालतले महत्त्वपूर्ण भूमिका निर्बाह गर्ने विश्वस्त छु । पछिल्लो समय उपभोक्तामा चेतनाको विकास हुनका साथै उपभोक्ता अधिकार कमी तथा सञ्चारकर्मीहरूले आवाज उठाउँदै आइरहेका छन्,' सचिव कार्कीले भने, 'तथापि अझै पनि उपभोक्ता अधिकार संरक्षण र प्रवर्द्धनका लागि धेरै काम गर्नुपर्ने खाँचो छ । त्यस कारण यो अदालतले उपभोक्ताको अधिकारको संरक्षणमा ठुलो टेवा पुग्ने छ ।'

**कस्ता उजुरी लिएर जाने अदालत ?**

उपभोक्ता संरक्षण ऐनको दफा ४० को उपदफा १ बमोजिम हुने मुद्दाबाहेक अन्य मुद्दाको लिएर उपभोक्ता अदालत जान सक्ने व्यवस्था ऐनमा छ । यस उपदफामा तीन लाख रुपैयाँ र एक वर्षसम्म कैदको सजाय हुने कसुर उल्लेख गरिएको छ । यस्तो कसुरको कारबाही वाणिज्य विभागका महानिर्देशकले गर्ने व्यवस्था छ ।

अब उपभोक्ता अदालतमा उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता बिक्रेता वा सेवा प्रदायकले आफ्नो दायित्व पूरा नगरेमा वा दायित्व उलैन गरेमा, अनुचित व्यापारिक क्रियाकलाप गराएमा र माग आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पारेमा उपभोक्ताले उजुरी गर्न सक्नेछन् । साथै उपभोक्ता संरक्षण ऐनमा उल्लेख वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गर्दा त्यसबाट उपभोक्ताको शारीरिक, मानसिक, आर्थिक वा अन्य प्रकारको हानि नोक्सानी भएको अवस्थामा वा वस्तुको त्रुटिपूर्ण उत्पादनको कारणबाट क्षति भएमा क्षतिपूर्ति पाउन सक्ने व्यवस्था गरेको छ ।

यसैगरी उपभोक्ता असक्षम भएमा वा निजको मृत्यु भइसकेको अवस्थामा त्यस्तो उपभोक्ताको हकवालाले त्यस्ता वस्तु वा सेवा उत्पादन, पैठारी, सञ्चय, ढुवानी, बिक्री वितरण वा प्रदान गर्ने जुन व्यक्तिको कारणबाट हानि नोक्सानी भएको हो सोही व्यक्तिबाट क्षतिपूर्ति भराउन अदालत समक्ष उजुरी दिन सक्ने व्यवस्था छ । उपभोक्ताले हानी नोक्सानी भएको ६ महिनाभित्र उजुरी गर्ने ऐनमा व्यवस्था रहेको छ ।

उद्योग मन्त्री दामोदर भण्डारीले कुनै वस्तु वा सेवाको खरिद तथा उपभोग गर्दा स्वास्थ्य जिउ, धनमा हानि नोक्सानी भए उपभोक्ताले प्रमाणसहितको उजुरी लिएर उपभोक्ता अदालत जान सक्ने बताए । उनका अनुसार स्थानीय तथा प्रदेशस्तरीय निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा कैफियत भेटिएका आधारमा उत्पादक बिक्रेता वा वितरकलाई कारबाहीका लागि अदालतमा निवेदन दिएर सजाय निर्धारण गर्न सक्ने व्यवस्था छ ।

व्यवसायीबाट जरिवाना वा क्षतिपूर्ति असुल उपर गर्नुपर्ने दाबीसहित सरकारी निकाय (खाद्य प्रविधि गुण नियन्त्रण विभाग, गुणस्तर तथा नापतौल विभाग औषधि व्यवस्था विभागलगायत) ले समेत मुद्दा लड्न सक्नेछन् । अहिलेसम्म यस्तो व्यवस्था थिएन ।

साथै सरकारी निकायले नागरिकलाई जबर्जस्ती कुनै कसुरमा जरिवाना तोकेको खण्डमा न्यायका लागि उपभोक्ता अदालत जान पाउने ढोका खुलेको दाबी गरेका छन् । उदाहरणका लागि ट्राफिकले लेन अनुशासनमा कारबाही गरे सिसिटिभी फुटेज झिकाएर अध्ययन गर्न उपभोक्ता अदालतले फैसला दिन सक्ने उनको भनाइ छ ।

**के छ कारबाही ?**

उपभोक्ताले क्षतिपूर्तिको दाबीसहित अदालतमा उजुरी दिएको खण्डमा मुद्दा लाग्छ । उपभोक्ताले ऐनले सात दिनभित्र क्षतिपूर्तिको दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । उपभोक्ताको दाबी पुगे उत्पादक वितरक वा बिक्रेताबाट असुल गरिने व्यवस्था छ ।

उपभोक्ता ऐन २०७५ अनुसार उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता बिक्रेता वा सेवा प्रदायकले आफ्नो दायित्व पूरा नगरेमा तीन वर्षसम्म कैद वा तीन लाखदेखि पाँच लाख रुपैयाँसम्म वा दुवै सजाय हुने व्यवस्था छ ।

अनुचित व्यापारिक क्रियाकलाप गरेमा दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा चार लाख रुपैयाँदेखि ६ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । माग आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्नेलाई दुई वर्षदेखि तीन वर्षसम्म कैद वा तीन लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्ने व्यवस्था छ ।

**सातै प्रदेशमा उपभोक्ता अदालत आवश्यक**

राष्ट्रिय उपभोक्ता अधिकार मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले तीन जिल्लामा मात्र नभएर पौने ३ करोड जनताले उपभोक्ता अदालतबाट सेवा लिन पाउने व्यवस्था गर्न आग्रह गरे । उनले शनिबार भएको उपभोक्ता अदालत उद्घाटन कार्यक्रममा बोल्दै उनले तीन जिल्लाका लागि अदालत स्थापना भएको भएता पनि आफूहरूको लामो समयदेखिको प्रयास सफल भएको बताए ।

'लामो समयदेखिको प्रयास सफल भएको छ । आज काठमाडौं, भक्तपुर र ललितपुरका उपभोक्ताले चाँडो न्याय पाउने ढोका खुलेको छ,' महर्जनले भने, 'अब तीन जिल्लामा मात्र नभएर पौने ३ करोड जनताले उपभोक्ता अदालतबाट सेवा लिन पाउने व्यवस्था कम्तीमा ७ वटै प्रदेशमा उपभोक्ता अदालत पुऱ्याउनुपर्छ ।'

यसअघि अदालत गठन गर्न माग गर्दै उपभोक्ता अधिकार कर्मीले लामो समयदेखि विरोध जनाउँदै आएका उपभोक्ता अधिकार कर्मीहरूले यसअघि सरकारविरुद्ध सर्वोच्च अदालतमा रिट दायर नै गरेका थिए । उक्त रिटमा २०७८ फागुन ८ गते सर्वोच्चले सरकारका नाममा सातै प्रदेशमा उपभोक्ता अदालत गठन गर्न आदेश दिए पनि अदालत गठन हुन सकेको थिएन ।

२०८१ वैशाख ३१ गते राष्ट्रपति रामचन्द्र पौडेलले आर्थिक वर्षको नीति तथा कार्यक्रममार्फत उपभोक्ता गठन गर्ने घोषणा गरेका थिए । सोहीअनुसार माघ २१ गते बसेको मन्त्रिपरिषद् बैठकले उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको थियो । हाल काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला कार्यक्षेत्र रहने गरी पहिलो पटक उपभोक्ता अदालत गठन भएको छ ।

**राजस्व संकलन बढ्ने**

यसैगरी उपभोक्ता हित संरक्षण मञ्च नेपालका अध्यक्ष ज्योति बानियाँले पनि ठगिएका उपभोक्ताले चाँडै न्याय पाउने बताउँदै सरकारको राजस्व संकलन बढ्ने दाबी गरे ।

'अस्पतालमा धेरै मूल्य लिएको देखि तरकारी किन्दा ठगिएको सम्मका मुद्दाहरू यो अदालतमा जान्छन्,' उनले भने, 'अब यसो हुँदा सरकारले संकलन गर्ने राजस्व ह्वात्तै बढ्ने देखिन्छ । कसरी भन्दा एउटा उपभोक्तालाई वस्तु तथा सेवा खरिदमा दिएको बिलका आधारमा राजस्व छलेको भए पत्ता लाग्न सक्छ ।' साथै अदालतमा के-कस्ता मुद्दालाई कसरी फैसला गर्ने भन्ने विषयमा अन्तर्राष्ट्रिय अवस्थालाई हेरेर अघि बढ्नु पर्ने बानियाँले सुझाव दिए ।

'यो अदालतमा परेका नेपालको कानुन भन्दा पनि विदेशमा भएका अभ्यासहरुलाई हेर्नु पर्ने हुन्छ,' बानियाँले भने, 'यो जीवन, वस्तु, सेवा र चुलोको अदालत हो । पलपलमा ठगिएका उपभोक्ताले उजुरी लिएर आउँछन् । आम रूपमा उपभोक्ताको हक हितको विषय भएकाले भोलिदेखि मुद्दा चाङ लाग्छ ।' साथै यस अदालतमा आउने मुद्दाहरूले उपभोक्ताको हक हितका लागि उपभोक्ता र बिक्रेताहरू सचेत हुने उनको दाबी छ ।

प्रतिनिधिसभाअन्तर्गत उद्योग, वाणिज्य र श्रम उपभोक्ता समितिका समितिका सभापति अब्दुल खानले अदालत बने पनि कार्यविधि नहुँदा सहज रूपमा उपभोक्ताले न्याय पाउन नसक्ने बताए । 'अदालत स्थापना भयो तर कार्य विधि छैन । के कसरी मुद्दालाई अघि बढाउने भन्ने विषयमा कार्यविधि बनाउनु पर्ने देखिन्छ,' खानले भने,'हामीले छिटोभन्दा छिटो कार्यविधि बनाउनुपर्ने भएको छ ।'

साथै उनले आयातित मालवस्तु चेकजाँचका लागि भन्सार नाकामा आवश्यक ल्याब राख्न आग्रह पनि गरे ।

*(स्रोत: रातोपाटी)*

# 'सेन्सरसिप'विरुद्ध बैशाखदेखि फिल्मकर्मीले 'सिर्जनात्मक' आन्दोलन गर्ने



काठमाडौं/फिल्मकर्मीले सेन्सरसिपविरुद्ध बैशाखदेखि आन्दोलन गर्ने भएका छन् । मण्डला थिएटरमा आयोजित अन्तक्रियामा बोल्दै उनीहरूले संगठितरुपमा रचनात्मक संघर्ष गर्ने बताएका हुन् ।

यसका लागि निर्देशक मनोज पण्डितको संयोजकत्वमा 'सेन्सरसिप आतंकविरुद्ध आन्दोलन समिति' पनि गठन गरेका छन् । समितिमा पण्डितसहित फिल्मकर्मी नवीन सुब्बा, दीपकराज गिरी, अशोक शर्मा, दयाहाङ राई, दीपेन्द्र लामा, गणेशदेव पाण्डे, विनोद पौडेल, दीपक रौनियार लगायत छन् ।

बैशाखदेखि विभिन्न चरणमा आन्दोलन हुने संयोजक पण्डितले बताए । २०८२ साल सेन्सरसिपविरुद्ध संघर्षको वर्ष हुने उनले बताए । विभिन्न चरणमा हुने आन्दोलनको सुरुमा सेन्सरसिपबारे प्रमुख राजनीतिक दल र सरकारलाई स्पष्ट पार्ने योजना रहेको जनाइएको छ ।

'नेपालका दललाई सिनेमा र सेन्सरसिप, अभिव्यक्ति स्वतन्त्रताको विषयमा स्पष्ट पार्ने सुरुको योजना छ । यो बैशाखदेखि सुरु हुन्छ' पण्डितले भने, 'यसका लागि फिल्मकर्मीबीच छलफल गरेर सुझाव बोर्ड अध्यक्ष, संचार मन्त्री र प्रधानमन्त्रीलाई बुझाउँछौं किनभने सेन्सरसिप हाम्रो लागि ठूलो समस्या भैसक्या छ ।'

न्यूनतम मापदण्ड तय गरेर राज्यसँग वार्ता गर्ने तयारी रहेको संयोजक पण्डितले बताए । '२०८२ सालमा फिल्ममेकर र सेन्सर बोर्डबीच ठूलै संघर्ष हुने देखियो । हामी सरकारसँग स्पष्ट वार्ता गर्न चाहन्छौं' उनले भने ।

निर्देशक नवीन सुब्बाले पनि रचनात्मक संघर्षको तयारी भैरहेको बताए । सुब्बाले सरकारले सेन्सरसिप लादेर अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउन खोजेको उनले बताए । उनले अन्तर्राष्ट्रिय उदाहरण प्रस्तुत गर्दै सेन्सर नभएर फिल्मको वर्गीकरण हुन जरुरी रहेको बताए ।

संयोजक पण्डितका अनुसार छायांकन भैरहेका ठाउँमा कालोपट्टी बाँध्ने, हलमा प्रतिकात्मक रुपमा प्रस्तुति दिनेदेखि रिले अनसनसम्मका आन्दोलनबारे विचार भैरहेको छ । उनले सेन्सरसिपविरुद्ध सर्वोच्च अदालतमा जनसरोकारको मुद्दा दायर गर्ने योजना रहेको पनि बताए ।

'सेन्सरसिप हुनु भनेको दर्शकको अधिकारको हनन पनि हो । दर्शकले पाउनुपर्ने स्वतन्त्र अभिव्यक्तिको हनन पनि हो' पण्डितले भने, 'कानूनी लडाइको विकल्प पनि खुला छ । पहिलो फेजमा सेन्सरसिपबारे अवधारणा बुझाउने र दोस्रो चरणमा आन्दोलनका कार्यक्रम घोषणा गर्ने तयारी छ ।'

उक्त कार्यक्रममा 'राजागंज' निर्देशक दीपक रौनियारले यसैसाता केन्द्रीय चलचित्र जाँच समितिले प्रधानमन्त्रीले सार्वजनिक रुपमा दिएका अभिव्यक्तिलाई फिल्ममा राख्न नदिएर अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउन लागिपरेको बताए । फिल्म निर्माता दीपकराज गिरीले प्रहरीको पोशाक प्रयोग गर्न अनुमति माग्नेदेखि लिएर हरेक कुरामा अनुमति लिँदै जाँदा भोलि समस्या आउन सक्ने बताए ।

अभिनेता दयाहाङ राई, वितरक अशोक शर्मा, निर्माण नियन्त्रक शंकर पाण्डे, निर्देशक दीपेन्द्र लामा लगायतले सेन्सरसिपको विरोध गरे । केन्द्रीय चलचित्र जाँच समितिले यसैसाता फिल्म 'राजागंज'लाई गरेको सेन्सरसिपको पृष्ठभूमिमा फिल्मकर्मीले आन्दोलनमा उत्रने तयारी थालेका हुन् ।

*(स्रोत: अनलाइनखबर)*

# को हुन् आमिरकी प्रेमिका गौरी स्प्राट ?

काठमाडौं/'मिस्टर परफेक्सनिस्ट'को पहिचान बनाएका बलिउड सुपरस्टार आमिर खानको वैवाहिक जीवन भने 'परफेक्ट' रहन सकेको छैन । उनको दुईपटक घरबार बिग्रिसकेको छ । पहिलो श्रीमती रीना दत्तसँग सम्बन्ध विच्छेदपछि उनले किरण रावसँग विवाह गरेका थिए । किरणसँग पनि विवाह बन्धनमा बाँधिएको १६ वर्षपछि उनले सन् २०२१ मा डिभोर्स गरे । दुई श्रीमतीबाट उनका ३ सन्तान छन् ।

अब आमिर तेस्रो विवाहको तयारीमा देखिएका छन् । शुक्रबार ६०औं जन्मदिन मनाएका उनले त्यसको पूर्वसन्ध्यामा मुम्बईको एक होटलमा पार्टी दिएका थिए, जहाँ उनले आफ्नी प्रेमिका पनि चिनाए । उनकी प्रेमिका गौरी स्प्राट हुन् । यतिबेला उनका तस्वीरहरु सामाजिक सञ्जालमा छ्यापछ्याप्ती देखिएका छन् । भारतीय मिडियाका अनुसार आमिर र गौरी एक वर्षदेखि प्रेम सम्बन्धमा छन् ।



गौरी बैंग्लोरकी हुन् । विगत लामो समयदेखि आमिरको कम्पनी आमिर खान फिल्म्ससँग मिलेर काम गर्दै आइरहेकी उनीसँग हेयर ड्रेसिङको प्रोफेसनल ब्याकग्राउन्ड छ भने सन् २००४ मा यूनिभर्सिटी अफ आर्ट्स, लण्डनबाट फेशन, स्टाइलिङ र फोटोग्राफीमा डिग्री समेत हासिल गरेकी छन् । उनको ६ वर्षका छोरा पनि रहेको भारतीय मिडियाले जनाएका छन् । अर्थात् उनी डिभोर्सी हुन् ।

बिहीबारको पार्टीमा आमिरले गौरीसँगको सम्बन्ध स्वीकार गर्दै २५ वर्षदेखि आफूहरुबीच चिनजान रहेको बताएका थिए । उनले यो कुरा मिडियामा भनिरहँदा उनको आडैमा गौरी पनि थिइन् । तर, आमिरले उनको तस्वीर नखिचिदिन आग्रह गरे । उनले बर्थडेको अघिल्लो साँझ अभिनेता द्वय सलमान खान र शाहरुख खानलाई घरमा डिनरका लागि बोलाउँदा गौरीसँग पनि भेट गराएका थिए ।

# 'होस्टेल ३'को पहिलो साताको कमाइ कति छ ?

काठमाडौं/'होस्टेल ३'ले पहिलो साता कति कमायो ? यो प्रश्नमा निर्माता र बक्स अफिसका आ-आफ्नै जवाफ छन् ।

निर्माताले सार्वजनिक गरेको पहिलो साताको कमाइमा फिल्मको ग्रस कलेक्सन ४ करोड ३२ लाख उल्लेख छ । सरकारको आधिकारिक बक्स अफिसमा २ करोड ६८ लाख रुपैयाँ ग्रस छ । यी दुई हिसाबबीच १ करोड ६४ लाखको अन्तर छ ।

एउटा कुरा निर्विवाद के हो भने, 'होस्टेल ३' सुपरहिट हुने बाटोतर्फ उन्मुख छ । जेन-जी कलाकारलाई समेटेर बनाइएको यो फिल्मले तन्नेरी कलाकारलाई राम्रै अकुपेन्सीसहित हलमा तानिरहेको छ ।

यसैबीच, 'होस्टेल ३' विहिबारदेखि मध्यपूर्वमा रिलिज भएको छ । युएई, कतार र बहराइनमा फिल्म प्रदर्शनमा आएको जनाइएको छ । फिल्ममा पारस बम ठकुरी, सिम्रन पन्त, आशिष घिमिरे, पदम तामाङ, हेना नगर कोटी, रिहान गिरी, समा पराजुली लगायतको मुख्य भूमिका छ ।

निर्मातामा निर्माता सुरेश कँडेल, कर्ण कार्की र गोविन्द अधिकारी हुन् ।

फिल्मलाई सशान कँडेल 'सन्तोष'ले निर्देशन गरेका हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# जलवायु परिवर्तनको संकटमा तेस्रो ध्रुव

तेस्रो ध्रुव (थर्ड पोल), आर्कटिक र अन्टार्कटिक बाहेकको सबैभन्दा ठूलो बरफ र ताजा पानीको भण्डार हो, जुन चीन, भारत, नेपाल, पाकिस्तान, भुटान, अफगानिस्तान, बंगलादेश र म्यानमारसम्म फैलिएको छ । यो विश्वकै सबैभन्दा ठूलो उच्च पहाडी पारिस्थितिक प्रणाली हो, जसलाई एशियाली जल टावर पनि भनिन्छ ।

तिब्बती पठारसहित विभिन्न हिमाली शृंखलामा फैलिएको यो क्षेत्र पाँच मिलियन वर्ग किलोमिटरमा विस्तारित छ र करिब १ लाख वर्ग किलोमिटर हिमनदी समेट्छ । यहाँ रहेका १२ हजारभन्दा बढी ताल र प्रमुख नदी प्रणालीहरू करोडौं मानिसका लागि पानीको स्रोत हुन् ।

नेपालको परिप्रेक्ष्यमा, तेस्रो ध्रुव अत्यन्त महत्वपूर्ण छ । नेपालको हिमालय क्षेत्र कुम्भु, अन्नपूर्ण, माछापुच्छ्रे, लाङटाङका साथै अन्य प्रमुख हिमाल र हिमनदीहरू तेस्रो ध्रुवको अंशको रूपमा महत्वपूर्ण छन् । यी हिमनदीहरूले नेपालको नदी प्रणालीलाई पानी आपूर्ति गर्छन्, जसले कृषि, ऊर्जा र पिउने पानीको आपूर्तिमा महत्वपूर्ण भूमिका खेल्छ । साथै, नेपालका धेरै ग्रामीण समुदायहरू यिनै जलस्रोतको भरमा जीवनयापन गर्छन् । तर, हाल जलवायु परिवर्तनले यस संवेदनशील पारिस्थितिक क्षेत्रलाई खतरामा पार्दैछ । यहाँको तापमान वृद्धिको गति विश्वको औसतभन्दा तीव्र छ, जसका कारण हिमनदीहरू तीव्र रूपमा पग्लिरहेका छन् । हिमताल विस्फोट र बाढीको जोखिम बढेको छ । साथै, पारिस्थितिक सन्तुलन गुम्दै गएको छ ।

**गर्मी बढ्दै, हिमनदी घट्दै**

अध्ययनअनुसार, १९औं शताब्दीदेखि तापमान तीव्र रूपमा बढिरहेको छ । जसका कारण पछिल्लो २ हजार वर्षकै सबैभन्दा तातो अवस्था सिर्जना भएको छ । हिमालय क्षेत्रका हिमनदीहरू तीव्र रूपमा संकुचित भइरहेका छन् । यसले लामो अवधिमा पानीको स्रोतमा गम्भीर असर पार्नेछ । नदीहरूको प्रवाह केही समयका लागि बढ्नेछ, तर जब हिमनदीको पग्लिने स्रोत घट्दै जान्छ, तब पानीको अभाव सिर्जना हुनसक्छ ।

तेस्रो ध्रुव क्षेत्रमा मुख्य रूपमा घाँसेमैदान, झाडी क्षेत्र, स्टिप (ठूलो, समतल वा हल्का चढाइ भएको घाँसको मैदान), वन, खेतीयोग्य जमिन र आद्रभूमिहरू छन् । पछिल्लो समय वनस्पति आवरण विस्तार हुँदै माटोको जलधारण क्षमता बढेको देखिन्छ । तर उच्च पहाडी क्षेत्रमा मरुभूमीकरण बढ्दो छ, जसले दीर्घकालीन असर पार्न सक्छ ।

**मानवजनित प्रदूषणको असर**

तेस्रो ध्रुव क्षेत्रमा दक्षिण एसियाली देशहरूबाट आएको वायु प्रदूषणले समेत असर पुऱ्याइरहेको अध्ययनले देखाएको छ ।

**मुख्य प्रदूषक तत्वहरू :**

-कालो कार्बन- हिउँको सतह कालो पारेर पग्लने गति बढाउने ।

-भारी धातुहरू- विषाक्त पदार्थहरूले पारिस्थितिकी तन्त्रलाई असर गर्ने ।

-अर्गानिक प्रदूषक- लामो समय वातावरणमा रहने हानिकारक तत्वहरू ।

यी प्रदूषकले हिमनदी क्षेत्रमा पुगेर वातावरणीय असन्तुलन निम्त्याइरहेका छन् ।

**जैव विविधता संकटमा**

तेस्रो ध्रुव दुर्लभ वनस्पति तथा जनावरहरूको बासस्थान हो । तर जलवायु परिवर्तनका कारण कतिपय प्रजाति लोप हुने खतरामा छन् । विश्वव्यापी रूपमा २० प्रतिशत जैव विविधता संकटमा रहे पनि तेस्रो ध्रुवमा हाल ९ प्रतिशत कशेरुकी जनावर र ५ प्रतिशत वनस्पति जोखिममा छन् । सकारात्मक पक्ष के छ भने, संरक्षण प्रयासहरू सफल हुँदै गइरहेका छन् । जस्तै प्रेजेवल्स्कीको गजेल र तिब्बती जंगली गधा जस्ता प्रजातिको जनसंख्या बढ्दै गएको छ ।

**भविष्यको प्रक्षेपण: २१०० सम्म के हुन्छ ?**

- तापमान वृद्धि: १.४-५.६ डिग्री सेल्सियस ।
- उचाइमा आधारित तापमान वृद्धि: १.८+०.४ डिग्री सेल्सियसको प्रक्षेपण भविष्यमा जारी रहने अनुमान गरिएको छ ।
- १.५ डिग्री सेल्सियसको वैश्विक तापमान वृद्धिको परिप्रेक्ष्य: शताब्दीको अन्त्यसम्म यो तापमान वृद्धि जारी रहनेछ ।
- वर्षा वृद्धि: ६-१५ प्रतिशत ।
- हिमनदीको अवस्था: २१०० सम्म हालको दुई तिहाइ भाग पग्लने ।
- नदी प्रवाह: सुरुवातमा बढ्ने, तर पछि घट्ने ।

यदि उचित संरक्षण रणनीतिहरू अवलम्बन गरिएन भने जलवायु परिवर्तनका असरहरू झनै गम्भीर हुनसक्ने छन् ।

**के गर्न सकिन्छ ?**

- जैव विविधताको संरक्षण तथा अनुसन्धान ।
- प्रदूषण न्यूनीकरणका लागि क्षेत्रीय नीति निर्माण ।
- हिमनदी पग्लने दर कम गर्न प्रविधिको विकास ।
- स्थानीय समुदायलाई संरक्षण अभियानमा संलग्न गराउने ।

**नेपाल सरकार र राजनीतिककर्मीको भूमिका**

नेपाल सरकार र राजनीतिक नेताहरूले जलवायु परिवर्तनका प्रभावसँग लड्न र तेस्रो ध्रुवको संवेदनशील पारिस्थितिकीय संकटलाई समाधान गर्न विभिन्न पहल गर्नुपर्ने आवश्यकता छ । यहाँ केही महत्वपूर्ण कदमहरू छन् जसले नेपाललाई जलवायु परिवर्तनको चुनौतीसँग जुझ्न मद्दत पुर्याउन सक्छ:

**जलवायु नीति र योजनाहरूको सुधार**

नेपालले जलवायु परिवर्तनको प्रभावलाई ध्यानमा राख्दै, दीर्घकालिक जलवायु नीति र कार्य योजनाहरू बनाउनुपर्छ । सरकारको सबै योजनामा जलवायु परिवर्तनको प्रभावको मूल्यांकन गरेर नीति निर्माण गर्नुपर्नेछ, जसमा हिमनदी संरक्षण, पानीको स्रोतको व्यवस्थापन र जैव विविधताको संरक्षण समावेश हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# फोहोर प्लास्टिक संकलन म्याराथुन दिवस प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/राष्ट्रिय युवा संघ नेपाल हेटौंडा-९ वडा कमिटीको आयोजनामा भएको फोहोर प्लास्टिक संकलन म्याराथुन प्रतियोगितामा दिवस लामा प्रथम भएका छन् ।

६ दशमलव ९८ केजी प्लाष्टिक संकलन गर्दै उनी प्रथम भएका हुन् । यस्तै ५ दशमलव ९४ केजी फोहोर संकलन गर्दै दिपु डंगोल द्वितीय भए । ५ दशमलव ०६ केजी फोहोर प्लाष्टिक संकलन गर्दै दिवस खतिवडा तृतीय भए । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय भएकालाई कार्यक्रमका प्रमुखअतिथि राष्ट्रिय युवा संघ नेपाल लेखाआयोगका प्रमुख सन्तोष चौलागाईले क्रमश: तीन हजार, दुई हजार र एक हजार रुपैयाँ पुरस्कार प्रदान गरेका थिए ।

हेटौंडा-९ कर्रास्थित गुम्बाचोकबाट सुरु भएको म्याराथुन ४० मिनेटभित्र मानवसेबा आश्रमसम्मको फोहोर संकलन गर्नुपर्ने गरी नियम बनाइएको थियो । तोकिएको समयभित्र धेरै तौल प्लाष्टिकजन्य फोहोर संकलन गर्नेमध्येबाट प्रथम, द्वितीय र तृतीय चयन गरिएको हो । नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर राना, नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य एवम् प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, राष्ट्रिय युवा संघ नेपाल लेखा आयोगका प्रमुख चौलागाईले रिबन काटेर कार्यक्रमको उद्घाटन गरेका थिए । म्याराथुनमा ६० जना युबा सहभागी थिए ।

### जयेन्दु बाल सुधार प्रकरण :

# ७३ राउन्ड हवाइ फायरपछि स्थिति नियन्त्रणमा, फरार २ पनि सम्पर्कमा



काठमाडौं, २ चैत/ बाँकेको डडुवा गाउँपालिका-६ हिरि मिनियामा रहेको जयेन्दु बाल सुधार गृहमा शुक्रबार रातिदेखिको तनाव शनिबार साँझ बल्ल नियन्त्रणमा आएको छ ।

स्थानीय प्रशासन र प्रहरीको निरन्तरको प्रयासपछि स्थिति नियन्त्रण आएको हो । लामो समय तनावग्रस्त बने पनि कुनै मानवीय क्षति नभई स्थितिलाई नियन्त्रणमा लिन सफल भएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख एसपी तुलबहादुर कार्कीले बताए ।

शुक्रबार होली खेल्ने क्रममा भएको विवादपछि तनाव सिर्जना भएको बताइए पनि यकिन कारण भने अझै खुलिनसकेको प्रहरीको भनाइ छ । घटनास्थल गएर स्थिति नियन्त्रणमा लिएका बाँकेका डीएसपी दीपक पातली समेत अनुसन्धानपछि मात्रै कारण खुल्ने बताउँछन् ।

'भित्र जान सक्ने स्थिति नै थिएन । बल्ल हाम्रो परिस्थितिलाई नियन्त्रणमा लिएको अब अनुसन्धान गरेपछि मात्रै घटनाको यकिन कारण खुल्ला,' उनले भने ।

शुक्रबारको घटनाबारे प्रहरीले केही बताएको छैन । आज शनिबार दिउँसो १:४५ बजेको समयमा एक्कासी झगडा भएर कुटपिट भएको र दुई जना बालबिज्याइँकर्ता फरार रहेको भन्ने खबर आएपछि प्रहरी टोली खटिएको बाँकेका एसपी कार्कीले जानकारी दिए ।

प्रहरी पुग्दा भने बाल बिज्याइँकर्ताहरूले आफू बस्ने तीन तले भवनको भुईं तलामा आगो लगाएका थिए । उक्त आगो नेपालगञ्ज उपमहानगरपालिकाको दमकलको सहयोगमा नियन्त्रणमा लिइएको थियो ।

यता, प्रहरीले सम्झाइ-बुझाइ गर्दा उल्टै उनीहरू आक्रोशित भएर भवनको पर्खाल भत्काएर प्रहरीलाई इँटाले प्रहार गरेका थिए । उनीहरूको प्रहारबाट चार प्रहरी घाइते भएका छन् ।

स्थिति नियन्त्रणका लागि आफैं घटनास्थलमा खटिएको एसपी कार्की बताउँछन् । एसपी कार्कीको कमान्डमा, लुम्बिनी प्रदेशको सशस्त्र प्रहरी गण, खजुराबाट इन्सपेक्टरको कमान्डमा गरी ३ सय प्रहरी परिचालन भएको थियो ।

यसका लागि सशस्त्र प्रहरीको ३० नम्बर गण हेडक्वाटर बागेश्वरीबाट सशस्त्र एसपी शोभाकान्त खनालको कमान्डमा एक सय जना गरी ३ सय सुरक्षाकर्मी खटिएर स्थितिलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

स्थिति नियन्त्रणमा लिन प्रहरीले ७३ राउण्ड हवाइ फायर गर्नुपरेको थियो । इन्सास र इफलबाट ५८ राउन्ड, एसएलआर बाट ४ राउन्ड, सर्टगनबाट १ र उन्ड र ग्यास गनबाट १९ राउन्ड गरी ७३ राउन्ड हवाइ फायर गर्दै सम्झाइ-बुझाइ गरेर बाल सुधार गृहभित्र छिर्न सफल भइएको बाँकेका एक सुरक्षा अधिकृतले बताए ।

सुधार गृहमा रहेका २५५ मध्ये झडपमा परेर ४९ जना घाइते भएका थिए । उनीहरूलाई उपचारका लागि भेरी अस्पताल र नर्सिङहोम बाँके पठाइएकोमा अहिले सबै डिस्चार्ज भइसकेको एसपी कार्की बताउँछन् ।

आगोले बाल सुधार गृहको भवन जलेपछि अहिले २२ जना बालबिज्याइँकर्ताहरूलाई जिल्ला प्रहरी कार्यालय बाँकेमा राखिएको छ । ४० जनालाई भने बाँकेकै नौबस्तामा रहेको अर्को बाल सुधार गृहमा राखिएको छ । १९८ जनालाई भने जयेन्दुमै सम्झाइ-बुझाइ गरेर राखिएको छ ।

प्रहरीका ७ वटा सिल्ड, १ हेल्मेट फुटेका छन् भने १ वटा ग्यास गन भाँचिएको छ । सुरुमा दुई जना फरार भए भनिएका बालबिज्याइँकर्ता पनि अहिले सम्पर्कमा आएको एसपी कार्कीले बताए । 'फरार भएका बाल बिज्याइँकर्ता दुई जना आफैं सम्पर्कमा आउनु भएको छ । योसँगै अब कोही पनि फरार छैनन् । हराएका छैनन्,' एसपी कार्कीले संचारकर्मीसँग भने ।

*(स्रोत: अनलाइनखबर)*

# जनकल्याण सहकारीद्वारा स्वास्थ्य सम्वन्धी सचेतनामूलक कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/हेटौंडा-६ चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले एकदिने स्वास्थ्य सम्वन्धी सचेतनामूलक कार्यक्रमको आयोजना गरेको छ ।

संस्थाको चालू आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार स्वास्थ्यसम्वन्धी कार्यक्रमको आयोजना गरिएको हो । संस्थामा आवद्ध महिलाको लागि महिलाको ढल्कँदो उमेर र महिनावारी हुँदा पुऱ्याउनु पर्ने विभिन्न विषयमा जानकारी गराइएको हो । हेटौंडा उपमहानगरकी स्टाफनर्स आश्मा बानियाँ र अस्मिता बैदारले सहजीकरण गरेका थिए ।

संस्थाका कार्यवाहक अध्यक्ष श्यामप्रसाद भट्टराईको प्रमुख आतिथ्यता एवम् महिला उपसमिति संयोजक रेखा मैनालीको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

संस्थाका सचिव रोम बहादुर न्यौपाने, सञ्चालक समितिका पदाधिकारी, सञ्चारकर्मी, कर्मचारी, शेयरसदस्यलगायतको सहभागिता थियो । कार्यक्रममा ४५ जना महिलाको सहभागिता रहेको महिला उपसमिति सदस्य भगवती पौडेलले बताइन् ।

# थाहामा वारिष्टा तालिम सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ युवालक्षित सीप विकास तालिम अन्तर्गत थाहा नगरपालिकाले सञ्चालन गरेको १५ दिने वारिष्टा तालिम सम्पन्न भएको छ ।

शनिबार सयपत्री होटल ओखरबजारमा तालिम समापनमा थाहा नगरपालिका उपप्रमुख भरत गोपालीले सिकेको सीपलाई व्यवहारमा उतारेर उद्यमी बनि आत्मनिर्भर बन्न सहभागीलाई आग्रह गरेका छन् । उनले प्रमाणपत्र सिरानीमुनी नराखी सीप सिकेकाले नगरपालिका क्षेत्रभित्र व्यवसाय गरेमा थप सहयोगका लागि थाहा नगरपालिकाले कार्यक्रम तय गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा सामाजिक विकास शाखाप्रमुख अनिल लामिछानेले सहभागीले व्यवसायमा सक्रियता बढाएमा थप प्रशिक्षण आयोजना गरी सीपपरीक्षण गराउन सहयोग गर्ने बताए ।

त्यसैगरी थाहानगर उद्योग वाणिज्य संघका उपाध्यक्ष सुरेन्द्रमान प्रधानले युवापुस्तामा बढ्दै गएको बेरोजगारी समस्यालाई ध्यानमा राखेर थाहा नगरपालिकाद्वारा गरिएको कफिमेकर तालिम अर्थपूर्ण रहेको बताए । सहभागीले तालिम अबधी कम भएको गुनासो गर्दै कम समयमा पनि धेरै कुरा सिक्न पाएकोमा प्रशिक्षक र आयोजकलाई धन्यवाद दिएका थिए । सहभागीलाइ प्रमुखअतिथि नगरउपप्रमुख गोपालीले प्रमाणपत्र प्रदान गरेका थिए । थाहा नगरपालिका सामाजिक विकास समिति सदस्य पवित्रासिंह ठकुरीको अध्यक्षतामा भएको समापन कार्यक्रममा आर्थिक विकास समिति संयोजक हिरेन्द्रकुमार रायमाझीलगायत उपस्थिति रहेको थियो ।

# नागार्जुनमा भीषण आगलागी, उपत्यकाका सबै दमकल परिचालन



काठमाडौं, २ चैत/ काठमाडौंको नागार्जुन नगरपालिका-७ गौतम गाउँको एक घरमा भीषण आगलागी भएको छ ।

स्थानीय कृष्णहरि श्रेष्ठको भुइँतले कच्ची घरमा राती ९ बजे लागेको आगो नियन्त्रण गर्न काठमाडौं र ललितपुर महानगर पालिका तथा सशस्त्र प्रहरीको दमकल प्रयोग गरिएको छ । बाटो साँघुरो भएका कारण ठूलो दमकल प्रवेश गर्न नसकेपछि ललितपुर महानगरका दुइटा दमकलले आगो निभाउन प्रयोग गरिएको छ । ठूलो दमकल नछिर्दा पानी ट्यांकर पनि प्रयोग गरिएको छ ।

आगलागीबाट मानवीय क्षति नभए पनि अन्न लगायत मालसामान जलेर नष्ट भएको छ । आगलागी नियन्त्रणमा लिने प्रयास जारी छ । आगलागीको कारण खुल्न सकेको छैन ।

### संसदीय पूर्वाधार विकास समितिका सभापति सिंहको प्रश्न:

# नेताहरुलाई भ्रष्टाचार काण्डमा बचाउन गणतन्त्र ल्याएको हो ?



साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/राष्ट्रिय प्रजातन्त्र पार्टीबाट निर्वाचित सांसद् तथा संसदीय पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले देशको न्यायप्रणाली सेटिङमा चल्ने गरेको बताएका छन् ।

न्यायलयहरुमा कांग्रेस, एमाले, माओवादीका कार्यकर्ता भर्ती भएका कारण न्यायप्रणाली भागबण्डामा चलेको उनले बताएका हुन् । राष्ट्रिय प्रजातान्त्रिक युवक संगठन मकवानपुर जिल्ला कमिटीको शनिबार हेटौंडामा भएको अधिवेशनको उद्घाटनमा बोल्दै उनले सर्वसाधारणले न्याय पाउने अवस्था नरहेको बताए । माओवादी केन्द्रका प्रवक्ता अग्नि सापकोटामाथिको अपहरण तथा ज्यान मार्ने मुद्दाको फाइल न्यायधीशहरुले खोल्ने आँट नगरेको उनले आरोप लगाए । सांसद् सिंहले अवस्था र व्यवस्थाको परिवर्तन आजको आवश्यक भएको जिकिर गरेका छन् ।

सांसद् सिंहले वाइडबडी, भुटानी शरणार्थी, गिरिबन्धु टी स्टेटलगायत ठुला भ्रष्ट्राचार काण्डहरु नेता बच्ने तर, कर्मचारी फस्ने गरेको बताए ।

नेताहरुलाई भ्रष्ट्राचारको काण्डमा उम्काउनका लागि नै गणतन्त्र ल्याएको हो ? भन्दै उनले प्रश्न गरे । राजसंस्था पल्टाउन कै लागि गणतन्त्रवादी भन्नेहरुले अमेरिकाबाट अर्बौं रकम लिएको समेत उनको आरोप छ । सांसद् सिंहले अहिलेका प्रधानमन्त्री, मन्त्रीहरुलाई विदेशीले पत्याउन छाडेको बताए ।

सांसद् सिंहले प्रदेश संरचनालाई देशले थेग्न नसक्ने बताए । संघीय संरचना नै खारेज गर्नुपर्छ भन्ने राप्रपाको मूल्य र मान्यता रहेको उनले जिकिर गरे । अवस्था र व्यवस्था परिवर्तन गर्न पूर्वराजा ज्ञानेन्द्र शाहलाई सबैले साथ दिनुपर्ने उनको भनाई छ । सांसद् सिंहले सबै जात र धर्मलाई संरक्षण गर्नको लागि राजसंस्था बाहेक अर्को विकल्प नभएको समेत बताए । राजतन्त्रको पक्षमा जुनसुकै बेला पनि आन्दोलन गर्नुपर्ने भएकोले मकवानपुर पनि तयारी अवस्था र हनुपर्ने उनले बताए ।

नयाँ भिजन र मिसन भएमात्र जनताको अवस्थामा सुधार ल्याउन सकिने उनले उल्लेख गरे । सांसद् सिंहले अब पार्टीको नेतृत्व युवापंक्तिले गर्नुपर्ने बताए । अधिवेशनले किशोर खत्रीको नेतृत्वमा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको तस्विर जलाइएको थियो ।

युवक संगठनका सदस्य सचिव नीराजन बम पलाँताले पूर्वप्रधानमन्त्री 'प्रचण्ड' को तस्विर जलाएका हुन् । पलाँताले प्रचण्डको अभिव्यक्तिले देशलाई हिंसामा धकेल्न खोजेको र पूर्वराजालाई अनावश्यक रुपमा आरोपप्रत्यारोप लगाएर वातावरण प्रदुषित पारेको भन्दै तस्विरमा लाईटर बालेर आगो लगाएका हुन् ।

# पावर बैंकबाट विमानमा आगलागी, प्रतिबन्ध लगाउँदै एयरलाइन्सहरू

काठमाडौं, २ चैत/ दक्षिण कोरियामा एयरबस ए३२१ सीईओमा लागेको आगलागीको कारण पावर बैंकमा खराबी रहेको पुष्टि भएको छ । २८ जनवरी २०२५ मा गुमहाई अन्तर्राष्ट्रिय विमानस्थलमा एयर बुसानको विमानमा आगलागी हुँदा तीन जना घाइते भए । दक्षिण कोरियाको परिवहन मन्त्रालयले १४ मार्चमा सार्वजनिक गरेको रिपोर्टअनुसार, विमानको माथिल्लो भागमा रहेको पावर बैंकबाट आगलागी भएको थियो । अनुसन्धानकर्ताहरूले जलिसकेको पावर बैंक फेला पारेका छन्, तर यसमा खराबी आउनुको कारण अझै स्पष्ट छैन ।



**यसअघि पनि थियो कडाइ**

लिथियम-आयन ब्याट्री भएका पावर बैंकहरूले अत्यधिक ताप उत्पन्न गर्न सक्ने भएकाले सुरक्षाका कारण एयरलाइन्सहरूले वर्षौंदेखि यसमा प्रतिबन्ध लगाउँदै आएका छन् ।

सन् २०१६ मा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ) ले क्याबिन ब्यागेजमा पावर बैंक लैजान प्रतिबन्ध लगाएको थियो । पावर बैंक शर्ट-सर्किट भएर आगलागीको जोखिम उच्च हुने भएकाले एयर लाइन्सहरूले कडा नियम अपनाउन थालेका छन् ।

**अब झन् कडाइ**

दक्षिण कोरियामा भएको घटनापछि विभिन्न एयरलाइन्सहरूले कडा कदम चालिरहेका छन् । एयर बुसानले यात्रुहरूलाई अब विमानमा पावर बैंक लैजान नदिने घोषणा गरिसकेको छ । सिंगापुर एयर लाइन्सले १ अप्रिलदेखि विमानमा पावर बैंकको प्रयोगमा प्रतिबन्ध लगाउँदैछ । चाइना एयरलाइन्स र थाई एयरलाइन्सले पनि यस्तै नियम लागू गर्न लागेका छन् ।

**कहाँ कहाँ भए दुर्घटना ?**

मार्च २०१७ मा अस्ट्रेलियाको मेलबर्नबाट बेइजिङ जाँदै गरेको विमानमा एक यात्रुको हेडफोन विस्फोट हुँदा अनुहार जलेको थियो । त्यस्तै, सिड्नीमा पनि एउटा अनौठो घटना घटेको थियो । ब्यागेज कम्पार्टमेन्टबाट धुवाँ निस्किएपछि अनुसन्धान गर्दा लिथियम ब्याट्रीमा आगो लागेको पुष्टि भएको थियो ।

**किन बढ्दैछन् लिथियम ब्याट्रीका विस्फोटहरू ?**

लिथियम-आयन ब्याट्रीहरू मोबाइल, ल्यापटप, पावर बैंक, इलेक्ट्रिक टूथब्रश र खेलौनाहरूमा प्रयोग हुने गर्छन् । ब्याट्रीभित्र दुई इलेक्ट्रोड हुन्छन्, जसलाई छुट्याउन लिथियम आयन प्रयोग गरिन्छ । यदि ब्याट्री क्षतिग्रस्त भयो वा इलेक्ट्रोडहरू सम्पर्कमा आए, भने ब्याट्री विस्फोट हुन सक्छ र आगलागी हुन सक्छ ।

विमानमा आगलागीको घटना रोक्न एयरलाइन्सहरूले पावर बैंक प्रतिबन्ध लगाउने अभ्यास तीव्र बनाइरहेका छन् । भविष्यमा अन्य एयरलाइन्सहरूले पनि यस्तै नीति लागू गर्ने सम्भावना बढेको छ ।

**सटर भाडामा**

मेनरोड हेटौंडा-१०, बैकरोड, भूटनदेवी मोड नजिक २ वटा सटर,अफिसको लागि कोठा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८४५०१०३३६**

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

**Government of Nepal**
**Ministry of Home Affairs**
**Bagmati Pradesh Police Office**
**Hetauda**

**Invitation for Online Bids**

***Date of First Publication: 2081/12/3 ( March 16. 2025)***

The Bagmati Pradesh Police Office, Hetauda invites electronic bids from registered, eligible, and interested bidders for the supply, delivery, and installation of CCTV on national highways, including Mahendra Highway, BP Highway, and Madan Bhandari Highway, as well as ay international and provincial borders, metropolitan and sub-metropolitan cities, municipalities, rural municipalities, and VIP areas within Bagmati Pradesh (Contract Identification No: NCB/BPPO/G/01/2081/082) under NCB Procedures. For more detail eligible and interested bidders may visit and download bid documents from e-GP system at:http://www.bolpatra.gov.np/egp.

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना